# संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
## पर्यटन विभाग

फोन नं.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक: ४२४७०३७
पर्यटक प्रहरी: ४२४७०४१

भृकुटीमण्डप काठमाडौं ।


प्रेस विज्ञप्ति

(................................)

पत्र संख्या:
च.नं.:

सन् २०२५ को वसन्त ऋतुको सुरुवात भएसँगै खुम्बु क्षेत्रमा हुने आरोहण गतिविधिलाई मर्यादित र व्यवस्थित बनाउन सम्बन्धित सबै निकायहरुले पारस्परिक समन्वय र सहकार्य गर्नका लागि गत बर्ष झैं यस बर्ष पनि सगरमाथा आरोहणको अवधीभर पर्यटन बिभागको फिल्ड कार्यालय स्थापना गरी उक्त फिल्ड कार्यालयमा पर्यटन विभागको तर्फबाट दुई जना, नेपाल पर्वतारोहण संघको तर्फबाट एक जना, सगरमाथा प्रदुषण नियन्त्रण समितिको तर्फबाट एक जना र खुम्बु पासाङ्ग ल्हामु गाउँपालिकाको तर्फबाट एक जना प्रतिनिधि खटाई संयुक्त रुपमा पर्वतारोहणका गतिविधिलाई सहजीकरण र व्यवस्थित बनाउने सम्बन्धमा देहाय बमोजिम निर्णय भएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ।

१. फिल्ड कार्यालयलाई देहायको कार्य जिम्मेवारी प्रदान गर्ने:

क) सगरमाथा आधारशिविरमा हुने हरेक गतिविधिहरुको सुक्ष्म अनुगमन गरी विभागमा प्रतिवेदन गर्ने।

ख) अनुमति बिना कोही स्वदेशी वा विदेशी आरोही आधार शिविरमा बसेको वा आरोहणको तयारी गरेको पाइएमा कारवाहीका लागि विभाग समक्ष सिफारिस गर्ने।

ग) सम्बन्धित निकायबाट अनुमति नलिई ड्रोन, क्यामेरा लगायतका अन्य विविध सामग्रीहरु अनुमति बेगर आधार शिविर वा शिखरसम्म लैजान नपाउने कानूनी व्यवस्था छ। यदि कसैले यस्तो सामान लगेको सूचना प्राप्त भै पुष्टि समेत भएको खण्डमा समन्वय गरी कानून बमोजिम कारबाहीका लागि विभाग समक्ष सिफारिस गर्ने।

घ) सम्पर्क अधिकृत पुगेको मिति र फर्किएको मिति Google Doc फाइलमार्फत विभागबाट समेत हेर्न मिल्ने गरी अस्थायी फिल्ड कार्यालयले विवरण तयार गरी विभाग समक्ष पेश गर्ने।

ङ) पर्वतारोही दलको कुनै सदस्य, आरोही दलको सहयोगी वा सम्पर्क अधिकृत विरामी भएमा वा दुर्घटनामा परेमा तत्काल उद्धारका लागि पर्यटन विभाग, जिल्ला प्रशासन कार्यालय, गाउँपालिकाको कार्यालय र नजिकको पर्यटक प्रहरी युनिटलाई जानकारी गराई उद्धार कार्यमा सहजीकरण गर्ने।

च) कार्यसम्पादनका क्रममा कुनै समस्या आएमा विभागमा सम्पर्क गरी प्राप्त निर्देशन बमोजिम अस्थायी फिल्ड कार्यालयले आवश्यक कामकारवाही गर्ने।

छ) पर्वतारोही दलले साथमा लिई गएका सामग्री र आधारशिविरमा उत्सर्जन भएको फोहोरको संकलन र व्यवस्थापनका बिषयमा विद्यमान कानूनी व्यवस्था पालना गरे नगरेको अनुगमन गर्ने।

ज) पर्वतारोही दलका नेता र सदस्यहरु, माउन्टेन गाइड, सहयोगीहरू, सम्पर्क अधिकृत, र सम्बन्धित एजेन्सीले कानुन बमोजिम निर्वाह गर्नुपर्ने भूमिका निर्वाह गरे नगरेको बारे अनुगमन गर्ने।

२. आरोहण अवधिभर आधार शिविरमा रहने पर्यटन विभागको फिल्ड कार्यालयमा खटिने प्रतिनिधिको व्यवस्थापन (टेन्ट, फर्निचर लगायतका अन्य व्यवस्था) मा नेपाल पर्वतारोहण संघ, सगरमाथा प्रदुषण नियन्त्रण समिति, नेपाल पर्वतारोहण सञ्चालक संघ र सम्बन्धित एजेन्सीहरूले सहयोग गर्ने।

३. आधार शिविर र सो भन्दा मुनि रहेका पर्वतारोही दलका सदस्य र अन्य व्यक्तिहरूमा स्वास्थ्य समस्या देखिएमा प्राथमिक उपचारको व्यवस्था हिमालयन उद्धार संघ (HRA) ले मिलाउने।

मिति: २०८२/०१/०४

लिलाधर अवस्थी
(निर्देशक/सूचना अधिकारी)



CamScanner